# मध्यविन्दु नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

चौरमारा, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल
२०७३

☎०७८-४१०१२७
४१०१२८


प.सं. ०८०/०८१

च.नं.

मिति..............................

कार्यक्रम सञ्चालनको लागी प्रस्ताप पेश गर्ने सम्वन्धी सूचना ।

सूचना प्रकाशित मिति २०८०/१०/११

महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको मिति २०८०/१०/०३ मा प्रकाशित सूचना अनुसार राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन सम्वन्धी मापदण्ड २०७७ बमोजिम जीविकोपार्जन सुधार कार्यक्रमको लागि प्रस्ताव आब्हान गरिएको हुदा तपसिलको योग्यता पुगेका संस्थाहरुले सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१ प्रस्ताव पेश गर्ने संस्थाको योग्यता:

(क) प्रचलित कानुन बमोजिम दर्ता र नविकरण भएको,

(ख) प्रत्येक बर्ष लेखापरिक्षण सम्पन्न गरी सो को प्रतिवेदन तयार भएको,

(ग) प्रचलित कानुन बमोजिम अयोग्य नरहेको ।

२ संस्थाले लक्षित महिलाहरुलाई सीप तथा व्यवसायिक विकास तालिम प्रदान गरी व्यक्तिगत वा सामुहिक रुपमा आयआर्जन व्यवसाय सञ्चालन गर्नेगरी प्रस्ताव पेश गर्नु पर्नेछ ।

३ संस्थाले व्यवसायको प्रकृति हेरी कम्तिमा पाँच दिनको तालिम पच्चिस (२५) जना लक्षित सहभागीलाई प्रदान गर्ने गरी व्यवसायिक योजना पेश गर्नुपर्नेछ ।तालिम अबधी बढाउन परेमा आफ्नै श्रोतमा त्यस्तो अबधी बढाउन सक्नेछ ।

४ तालिम प्रदान गर्ने संस्थाले तालिम अबधीको कार्यतालिकामा सीप तथा व्यवसायीक विकासका सत्रहरु अनिवार्य रुपमा समावेश गरी तालिमका विषय, विधी र सत्र समेत खुलाई पेश गर्नु पर्नेछ ।

५ प्रस्ताव साथ संलग्न गर्नुपर्ने कागजातहरु

(क) संस्थाको विधान, परिचय, उद्देश्य, कार्यसञ्चालन प्रक्रिया, भैतिक तथा वित्तिय स्रोत सम्वन्धी विवरण

(ख) प्रस्तावित व्यवसायको अवधारणा पत्र, ब्यवसायको क्षेत्र, तालिम अवधी र स्रोत परिचालन सहितको व्यसायिक योजनाको विवरण,

(ग) प्रचलित कानुन बमोजिम दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपी

(घ) अघिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाण पत्रको प्रतिलिपी,

(ङ) प्रस्तावित कार्यक्रममा संस्थाको योगदानको अंश,अन्य निकायबाट प्राप्त हुने सम्भाब्य सहयोग वा साझेदारीको स्रोत सहितको यथार्त विवरण,

(च) कालोसूचीमा नपरेको र प्रचलित कानुन बमोजिम अयोग्य नरहेको स्वःघोषणा ।

(छ) प्रस्ताव दर्ता गर्दा संस्थाले विपन्न र एकल महिलाको आर्थिक उत्थान तथा सशक्तीकरण हुनेगरी व्यवसायिक सम्भाव्यता समेत उल्लेख गरी सोको कार्यान्वयन कार्ययोजना सहितको प्रस्ताव पेश गर्नु पर्नेछ ।

६ संस्थाले पेश गर्ने प्रस्तावको ढाचा

कार्यक्रम सञ्चालन गर्दा हुने संस्थाको जिम्मेवारी ,भुक्तानी प्रकृया लगायतका कुराहरु राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन सम्वन्धी मापदण्ड २०७७ बमोजिम हुनेछ ।

७ जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन सम्वन्धी मापदण्ड २०७७ मध्यविन्दु नगरपालिको वेवसाइट madhyabindumun.gov.np मा हेर्न सकिनेछ ।

२०८०/१०/११
रमेश घर्ति
प्रमुख प्रशासकीय अधिकृत